# नेपालमा भन्सार मूल्याङ्कन

## समस्या र समाधान

माधव प्रसाद घिमिरे
डिल्ली प्रकाश घिमिरे

भन्सार मूल्याङ्कन भनेको भन्सार महसुल निर्धारण प्रयोजनका लागि भन्सार कार्यालयले गर्ने आयातित वस्तुको मूल्य निर्धारण हो । निर्यातकर्ता वा आयातकर्ताले भन्सार अधिकृतसमक्ष घोषणा गरेको वस्तुको मूल्य तथा अन्य विवरणलाई आधार मानेर भन्सार कार्यालयले यस्तो मूल्याङ्कन गर्ने गर्दछ । वस्तुको मूल्याङ्कन गरिसकेपछि तोकिएको भन्सार दरअनुसार उक्त वस्तुमा लाग्ने भन्सार महसुल निर्धारण हुन्छ ।

सामान्यतया भन्सार महसुल निर्धारणका तीनवटा आधारहरू छन्: क) मूल्यगत (ad valorem); ख) वस्तुगत (specific); र ग) मिश्रित (compound) । भन्सार मूल्याङ्कन गरी निर्धारण गरिएको मूल्यको निश्चित प्रतिशत असूल गरिने महसुललाई मूल्यगत महसुल भनिन्छ । जस्तैः कुनै वस्तुको भन्सार महसुल दर ५ प्रतिशत छ र सो वस्तुको भन्सार मूल्याङ्कन गरी निर्धारण गरिएको मूल्य रू. २०० छ भने त्यसमा लाग्ने भन्सार महसुल रू. १० हुन आउँछ । वस्तुको गोटा गन्ती, नाप, आयतन, क्षमता, आदिको आधारमा असूल गरिने महसुललाई वस्तुगत महसुल भनिन्छ । जस्तैः रू. २० प्रति गोटा, रू. ५ प्रति लिटर, आदि । मूल्यगत र वस्तुगत दुवैको समिश्रणबाट निर्धारण गरिने महसुललाई मिश्रित महसुल भनिन्छ । जस्तैः कुनै वस्तुको आयातमा सो वस्तुको मूल्यको ५ प्रतिशत र रू. १० प्रति किलो भन्सार महसुल निर्धारण गरिएको छ र सो वस्तुको ५ किलो तौलको मूल्य रू. १००० पर्छ भने सोको आयातमा लाग्ने मिश्रित भन्सार महसुल रू. १०० हुन आउँछ । प्रत्येक राष्ट्रले भन्सार मूल्याङ्कनका आधार र महसुलका दर भन्सार ऐनमा उल्लेख गरेको हुन्छ ।

### भन्सार मूल्याङ्कनको ऐतिहासिक पृष्ठभूमि

कुनैपनि आयातित वस्तुमा लाग्ने भन्सार महसुल सो वस्तु आयात गर्ने राष्ट्रले तोकेको भन्सार महसुलको दरसँगै सो वस्तुको लागि कायम गरिएको भन्सार मूल्याङ्कनको आधार मूल्यमा भर पर्दछ । किनभने भन्सार महसुलको दर कम भएपनि मूल्याङ्कन गरिएको भन्सार मूल्य बढी भएमा सो वस्तुमा लाग्ने भन्सार महसुल बढी नै हुन्छ । अर्थात् भन्सार दर कम गरेतापनि भन्सार मूल्य बढी कायम गरेर करको प्रभाव (tariff incidence) लाई पुरानै अवस्थामा कायम गर्न सकिन्छ । त्यसैले अन्तर्राष्ट्रिय व्यापारमा भन्सार दरसँगै भन्सार मूल्याङ्कनको पनि महत्व रहेको छ ।

भन्सार मूल्याङ्कनका सम्बन्धमा विभिन्न राष्ट्रहरूका बीच औपचारिक रूपमा वार्ता शुरू भएको *लिग अफ नेशन्स*को स्थापना पछि हो । विभिन्न चरणमा भएका वार्ताहरूको फलस्वरूप सन् १९४७ मा संयुक्त राष्ट्र संघको व्यापार र रोजगारसम्बन्धी सम्मेलनले अन्तरिम रूपमा व्यापार तथा भन्सार महसुलसम्बन्धी साधारण सम्झौता (General Agreement on Tariff and Trade), अर्थात् *ग्याट १९४७ (GATT 1947)* अनुमोदन गऱ्यो । उक्त सम्झौताको धारा ७ मा भन्सार मूल्याङ्कनसम्बन्धी व्यवस्था गरिएको छ ।

सन् १९४७ मा नै भन्सार क्षेत्रमा सहयोग र भन्सार मूल्याङ्कनका विविध पक्षहरूका बारे प्रतिवेदन तयार गर्न युरोपेली सरकारहरूले "युरोपेली भन्सार अध्ययन समूह" गठन गरे । उक्त अध्ययन समूहले *ग्याट १९४७* को धारा ७ लाई आधार मानी भन्सार मूल्याङ्कनलाई परिभाषित गऱ्यो र सन् १९४९ मा प्रतिवेदन बुझायो । त्यसपछि डिसेम्बर १९५० मा आयोजना गरिएको युरोपेली राष्ट्रहरूको भेलाले उक्त परिभाषालाई स्वीकार गऱ्यो । भन्सार मूल्याङ्कनको यस परिभाषालाई *ब्रसेल्स डेफिनिसन अफ भ्याल्यु* भनिन्छ । यस परिभाषाले राष्ट्रिय सरकारहरूलाई अर्थतन्त्रमा पर्ने प्रभावको अनुमान गरी खास वस्तुको लागि सन्दर्भ मूल्यका आधारमा मनोगत मूल्य निर्धारण गर्नसक्ने विकल्प प्रदान गऱ्यो ।

सन् १९७३ देखि १९७९ सम्म *ग्याट १९४७* अन्तर्गत नै विश्व व्यापार प्रणालीका सम्बन्धमा विभिन्न चरणमा वार्ताहरू भए जसलाई टोकियो

चरणको वार्ता (Tokyo Round) भनिन्छ । यस चरणको वार्ताले अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि विविध व्यवस्था गऱ्यो जसमा भन्सार मूल्याङ्कनमा एकरूपता र स्तरीयता कायम गर्ने पनि थियो ।

भन्सार मूल्याङ्कनका सम्बन्धमा विभिन्न राष्ट्रहरूका बीच धेरै मतभिन्नताहरू थिए । त्यसैले टोकियो चरणको वार्ताका क्रममा उनीहरू बीच व्यापक छलफल भयो । अन्ततः युरोपेली आर्थिक समुदाय (European Economic Community) ले सन् १९७९ मा तयार गरेको भन्सार मूल्याङ्कनसम्बन्धी नयाँ कोडलाई केही सिमित राष्ट्रहरूले स्वीकार गरे । भन्सार मूल्याङ्कनलाई सरल र सहज बनाउन भनेर तयार गरिएको उक्त कोड आयातित वस्तुको वास्तविक खरिद मूल्यमा आधारित थियो जसको लागि अमेरिकालगायत केही विकसित राष्ट्रले लामो समयदेखि वकालत गर्दै आएका थिए । तर सो कोडअनुसार भन्सार मूल्याङ्कन गरेमा भन्सार छली अझ बढ्छ भन्दै धेरै विकासोन्मुख राष्ट्रहरूले उक्त कोडको विरोध गरे । फलस्वरूप सो कोडमा केही विकासोन्मुख राष्ट्रहरू सहित २५ राष्ट्रहरूले मात्र हस्ताक्षर गरे र यो बहुपक्षीय (mutilateral) नभएर हस्ताक्षर गरेका राष्ट्रहरूलाई मात्र लागू हुने (plurilateral) सम्झौताका रूपमा रहन पुग्यो ।

सन् १९८६ देखि बहुपक्षीय व्यापारसम्बन्धी वार्ताको अर्को चरण शुरू भयो । सन् १९९४ मा समाप्त भएको उक्त चरणको वार्तालाई उरूग्वे चरणको वार्ता (Uruguay Round) भनिन्छ । उक्त वार्ताको फलस्वरूप विश्व व्यापार संगठन (World Trade Organizatoin—WTO) को स्थापना भयो जसअन्तर्गत अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित विभिन्न सम्झौताहरू सम्पन्न गरिए । ती विभिन्न सम्झौताहरूमध्ये भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता पनि एक थियो । सो सम्झौता *ग्याट*को धारा ७ को विस्तारित रूप हो र यसलाई WTO Agreement on Implementation of Article VII of the GATT भनिन्छ । *ब्रसेल्स डेफिनिसन अफ भ्याल्यु* र अमेरिकालगायतका देशको प्रस्तावका राम्रा पक्षहरू समावेश गरी तर्जुमा गरिएको उक्त सम्झौतालाई छोटकरीमा *डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट* पनि भनिन्छ (कोष्ठक १) ।

*डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*ले भन्सार मूल्याङ्कन पद्धति नियममा आधारित हुनुपर्ने उल्लेख गरेको छ । साथै मूल्याङ्कनमा एकरूपता र स्तरीयता हुनुपर्ने तथा मूल्याङ्कन कार्यविधि न्यायपूर्ण, निष्पक्ष, सरल र वस्तुनिष्ठ हुनुपर्ने सिद्धान्त अंगीकार गरेको छ । यसले भन्सार मूल्याङ्कनलाई आयात गरिएका वस्तुको अथवा मिल्दोजुल्दो वस्तुको वास्तविक कारोबार मूल्यमा आधारित बनाउन प्रस्ताव गरेको छ र सामान्य व्यापारको अवस्थामा प्रतिस्पर्धात्मक बजारको प्रचलित बिक्री मूल्यलाई समेत ध्यान दिन निर्देश गरेको छ ।

*डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*मा भन्सार मूल्याङ्कनका छ वटा विधिहरू प्रस्ताव गरिएका छन् जुन निम्न बमोजिम छन्:

१) आयात गरिएका वस्तुको वास्तविक कारोबार मूल्यको आधारमा ।
२) पहिले आयात गरिएका समरूप वस्तुको वास्तविक कारोबार मूल्यको आधारमा ।
३) पहिले आयात गरिएका मिल्दोजुल्दो वस्तुको कारोबार मूल्यको आधारमा ।
४) स्वदेशी बजारमा प्रचलित मूल्यबाट भन्सार नाकादेखि बजारसम्म ल्याउँदा भएको खर्च घटाएपछि हुने मूल्यका आधारमा ।
५) आयातित वस्तुको लागत मूल्य गणनाको आधारमा ।
६) माथि उल्लेखित कुनैपनि विधिबाट मूल्य निर्धारण हुन नसकेमा उल्लेखित विधिहरूको मर्म विपरित नहुने गरी भन्सार अधिकृतले विवेकपूर्ण तरिकाबाट तोकेको मूल्यको आधारमा ।

**कोष्ठक १** *डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्टका* केही प्रावधानहरू

*डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*मा ४ भाग २४ नियम र ३ अनुसूचीहरू रहेका छन् । पहिलो भागमा भन्सार मूल्याङ्कनका विषयहरूलाई नियम १ देखि १७ सम्म समेटिएको छ । दोस्रो भागअन्तर्गत नियम १८ र १९ मा प्रशासकीय पक्ष, आपसी परामर्श र विवाद समाधानसम्बन्धी विषयहरू रहेका छन् । भाग ३ अन्तर्गत नियम २० मा विकासोन्मुख राष्ट्रहरूका लागि विशेष प्रबन्ध गरिएको छ भने भाग ४ मा रहेको नियम २१ देखि २४ सम्म यसको कार्यान्वयनका लागि चाहिने राष्ट्रिय कानून, सम्झौताको पुनरावलोकन विधि, सचिवालय संचालन, आदिबारे उल्लेख गरिएको छ । त्यसैगरी सम्झौताको अनुसूची १ मा भन्सार मूल्याङ्कन विधिसम्बन्धी नियमका व्याख्यात्मक टिप्पणी समावेश गरिएको छ । अनुसूची २ मा विश्व भन्सार संगठनको प्राविधिक समितिको उत्तरदायित्वको विषयलाई उल्लेख गरिएको छ । अनुसूची ३ मा विकासोन्मुख देशहरूको लागि गरिएको छुटको व्यवस्था र भन्सार प्रशासनको कार्यक्षेत्रसम्बन्धी विषयलाई स्पष्ट पारिएको छ ।

यसरी भन्सार मूल्याङ्कनका विविध विधिहरू भएपनि जथाभावी र मनोमानी ढंगले कुनै एक विधिको छनौट गर्न पाइँदैन । उल्लेखित विधिहरूमध्ये सबभन्दा पहिला पहिलो विधिको प्रयोग गर्नु पर्दछ । सो विधि असान्दर्भिक भएमा मात्र त्यसपछिको विधि प्रयोग गर्नु पर्दछ र एवं रीतले क्रमैसँग पछिल्ला विधिहरू अपनाउनु पर्दछ । यसो गर्दा माथिल्लो विधि नअपनाएर तल्लो विधि अपनाउनुको पर्याप्त कारण र आधार स्पष्ट पार्नु पर्दछ । चौथो र पाँचौ विधिको सन्दर्भमा चाहिँ आयातकर्ताले क्रम रोज्न पाउने व्यवस्था छ ।

*डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*मा भएको प्रावधानको व्याख्या गर्ने र कार्यान्वयनमा एकरूपता ल्याउन प्रयास गर्ने जिम्मेवारी विश्व भन्सार संगठनलाई दिइएको छ । नेपाल सहित १७६ राष्ट्रहरू सदस्य रहेको यस संगठनले भन्सार मूल्याङ्कनका लागि एउटा छुट्टै प्राविधिक समिति (Technical Committee on Customs Valuation) को गठन गरेको छ । यस समितिले सदस्य राष्ट्रहरूलाई भन्सार मूल्याङ्कनका विषयमा सल्लाह दिने काम गर्दछ र भन्सार मूल्याङ्कनसम्बन्धी कुनै समस्या परेमा समाधानका उपायहरू सुझाउँदछ ।

## नेपालमा भन्सार मूल्याङ्कनको क्रमिक विकास

नेपालमा सन् १९४५ भन्दाअघि प्रज्ञापनपत्र भरेर आयात गरिएका वस्तुको मूल्य घोषणा गर्ने अभ्यास थिएन । भन्सार कार्यालय (तत्कालीन बजार अड्डा) ले नै प्रत्येक वस्तुको भन्सार मूल्य तोकिदिएर त्यसैका आधारमा भन्सार महसुल असूल गर्ने गर्दथ्यो । तर सन् १९४५ पछि आयातकर्ताले नै बीजक संलग्न गरेर वस्तुको मूल्य घोषणा गर्ने र

त्यसैका आधारमा भन्सार कार्यालयले भन्सार महसुल असूल गर्ने अभ्यास शुरू भयो ।

सन् १९६१ मा पहिलो पटक भन्सार ऐन जारी गरेर कार्यान्वयनमा ल्याइयो । सो ऐनको दफा १३ मा भन्सार महसुल असूलीको प्रयोजनका लागि भन्सार कार्यालयले वस्तुको मूल्य तोक्ने व्यवस्था गरिएको थियो । उक्त भन्सार ऐनको सातौं संशोधनले भन्सार मूल्याङ्कन प्रयोजनका लागि कारोबार मूल्यलाई मान्यता दिने व्यवस्था गऱ्यो ।

नेपालले विश्व व्यापार संगठनको सदस्यता लिने क्रममा कारोबार मूल्यलाई आधार मानेर भन्सार मूल्याङ्कन गर्ने व्यवस्था भएको भन्सार ऐन १ जनवरी २००७ अगावै जारी गर्ने प्रतिबद्धता जनाएको थियो । साथै *डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट* अनुरूपको भन्सार मूल्याङ्कनसम्बन्धी निर्देशिका तयार गर्ने, भन्सार मूल्याङ्कनसम्बन्धी विधिहरूलाई क्रमशः लागू गर्दै जाने, भन्सार मूल्याङ्कनका सम्बन्धमा गरिने प्रशासनिक निर्णय माथि पुनरावेदन गर्न सकिने स्वतन्त्र प्रशासनिक ट्रिब्युनल गठन गर्ने, भन्सार अधिकृतहरूलाई तालिम दिने, आदि प्रतिबद्धता जनाएको थियो । तिनै प्रतिबद्धता अनुरूप नेपालले सन् २००७ मा नयाँ भन्सार ऐन (भन्सार ऐन २०६४) जारी गऱ्यो । उक्त ऐनले कारोबार मूल्यलाई भन्सार मूल्याङ्कनको आधार मानेको छ र *डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*का नियम, अनुसूची र व्याख्याहरू अवलम्बन गरिने कुरा उल्लेख गरेको छ । साथै, पुनरावेदनका लागि पुनरावलोकन समिति र राजस्व न्यायाधिकरणको व्यवस्था समेत गरेको छ (कोष्ठक २) ।

## नेपालको भन्सार मूल्याङ्कन प्रणालीमा भएका सुधार

भन्सार ऐन २०६४ को दफा ९३ अनुसार भन्सार विभागले ऐनको अधीनमा रहेर वस्तुको मूल्याङ्कन गर्ने, जाँचपास गर्ने र लिलाम गर्ने प्रक्रियासम्बन्धी निर्देशिका बनाउन सक्दछ । सोही अनुरूप भन्सार

**कोष्ठक २** भन्सार ऐन २०६४ का केही महत्वपूर्ण प्रावधानहरू

- भन्सार मूल्याङ्कन आयात भई आउने वस्तुको वास्तविक कारोबार मूल्यमा आधारित हुने । आयात भई आउने वस्तुको वास्तविक कारोबार मूल्यलाई आयातकर्ताले ती वस्तुको विक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा भुक्तानी गरेको वा गर्नुपर्ने रकममा उक्त वस्तुलाई नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्नसक्ने ढुवानी खर्च, बीमा र अन्य सम्बद्ध खर्च जोड्दा आउने कूल रकम भनी परिभाषित गरिने ।
- आयातकर्ताले भन्सार कार्यालयमा अनिवार्यरूपमा प्रज्ञापनपत्र भरेर बुझाउनुपर्ने । उक्त प्रज्ञापनपत्रसाथ आयात गरिएको वस्तुको विवरण र ती वस्तुको वास्तविक खरिद मूल्य खुल्ने बिल-बीजक र अन्य आवश्यक कागजपत्रहरू संलग्न गर्नुपर्ने ।
- आयातकर्ताले घोषणा गरेको मूल्य तथा निजले पेश गरेको कागजात भन्सार अधिकृतलाई शंकास्पद लागेमा निजले आयातकर्तासँग थप कागजात वा लिखित प्रमाण माग गर्न सक्ने । त्यसपछि प्राप्त कागजात वा प्रमाण पनि चित्त बुझ्दो नभई भन्सार मूल्य निर्धारण हुन नसकेमा त्यसको कारण सहितको लिखित सूचना भन्सार अधिकृतले सम्बन्धित आयातकर्तालाई दिनुपर्ने ।
- यसरी भन्सार मूल्य निर्धारण हुन नसकेको परिस्थितिमा पहिले आयात गरिएका समरूपका वस्तु (identical goods) को कारोबार मूल्यका आधारमा निर्धारण गरिने ।
- यसरी पनि भन्सार मूल्य निर्धारण हुन नसके पहिले आयात गरिएका मिल्दो जुल्दो वस्तु (similar goods) का आधारमा भन्सार मूल्य निर्धारण गरिने ।
- यस विधिबाट पनि भन्सार मूल्य निर्धारण हुन नसके सम्बन्धित वस्तु त्यस अघि नै नेपालमा आयात भई आयातकर्तासँग असम्बन्धित व्यक्तिलाई बिक्री गरिएको रहेछ भने त्यसरी बिक्री भएको अधिकतम एकाइको प्रति एकाइ बिक्री मूल्यमा नेपालमा लागेको कर, महसुल, अन्य सम्बद्ध खर्च र मुनाफा कटाई त्यस्तो वस्तुको भन्सार मूल्य निर्धारण गरिने ।
- उल्लेखित तरिकाबाट भन्सार मूल्य निर्धारण गर्न नसकिए गणना मूल्य (computed value method) अनुसार वस्तु उत्पादन वा निर्माण गर्ने देशको लागत खर्च सो वस्तु आयातकर्तालाई बिक्री गर्दा बिक्रेताले लिएको वा लिन सक्ने मुनाफा समेत गणना गरी भन्सार मूल्य निर्धारण गर्ने ।
- माथि उल्लेखित कुनै पनि तरिकाबाट भन्सार मूल्य निर्धारण हुन नसकेमा भन्सार अधिकृतले उक्त तरिकाहरूको मर्म विपरित नहुने गरी मनासिब आधारमा विवेकपूर्ण तरिकाबाट भन्सार मूल्य निर्धारण गर्ने ।
- भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा आयातकर्ताले घोषणा गरेको मूल्य धेरै कम देखिएमा भन्सार कार्यालयले भन्सार विभागको पूर्व स्वीकृतिमा आयातकर्ताले घोषणा गरेको मूल्यमा ५ प्रतिशत मूल्य थपेर सो वस्तु आफैं खरिद गर्नसक्ने वा अरूलाई खरिद गर्न लगाउन सक्ने ।
- भन्सार अधिकृतले कायम गरेको मूल्य चित्त नबुझेमा निर्णय भएको १५ दिनभित्र आयातकर्ताले पुनरावलोकनका निम्ति ऐन अनुसार गठन गरिएको ३ सदस्यीय पुनरावलोकन समितिमा निवेदन दिनसक्ने । यसरी निवेदन दिँदा भन्सार अधिकृतले गरेको मूल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नुपर्ने ।
- पुनरावलोकन समितिको निर्णय चित्त नबुझेमा चित्त नबुझ्ने आयातकर्ता वा भन्सार अधिकृतले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्नसक्ने ।
- खास अवस्थामा अस्थाई मूल्य कायम गरी सो बमोजिमको महसुल धरौटी राखेर आयात गरिएका वस्तु जाँचपास गर्न सकिने । कागजपत्र प्राप्त भएपछि धरौटी बापत राखिएको रकम वास्तविक महसुलभन्दा कम भए बाँकी रकम आयातकर्ताबाट असूल गरिने र बढी भए फिर्ता गरिने ।
- कानूनतः लाग्नेभन्दा बढी भन्सार महसुल असूल भएको भए सम्बन्धित भन्सार कार्यालयले बढी भएको रकम फिर्ता दिनुपर्ने ।

विभागले त्यस्तो निर्देशिका तयार गरेर १३ फेब्रुअरी २०१२ (२०६८ फागुन १ गते) देखि त्यसलाई लागू गरेको छ । त्यसैले भन्सार कार्यालयबाट हुने भन्सार मूल्याङ्कन, जाँचपास, लिलाम, आदि कार्य आजभोलि धेरै हदसम्म नियममा आधारित एवम् निश्चित मापदण्ड अनुरूपको भएको छ र तिनमा एकरूपता कायम हुन सकेको छ ।

भन्सार मूल्याङ्कनको सरलीकरणका लागि नेपालमा आयात हुने केही मुख्य वस्तुहरूको अधिकतम खुद्रा मूल्य वर्षको तीनपटक राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशित गर्ने गरिएको छ । यसबाट भन्सार कार्यालयले गर्ने वस्तुको भन्सार मूल्याङ्कनको कार्यमा सहयोग पुग्नुका साथै मूल्याङ्कन प्रक्रिया पारदर्शी र वस्तुगत हुने विश्वास गरिएको छ । त्यसैगरी, अघिल्लो दिन भन्सार मूल्याङ्कन भई जाँचपास गरिएका वस्तुहरूको विवरण र मूल्यलाई भन्सार विभागले आफ्नो वेबसाइटमा राख्ने गरेको छ । यो मूल्यसूची र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको मूल्य सूचीलाई भन्सार कार्यालयहरूले तुलना गरेर भन्सार मूल्याङ्कनमा एकरूपता ल्याउन सक्ने अवस्था सिर्जना भएको छ ।

भन्सार कार्यालयहरूमा काम गर्ने कर्मचारीहरूको सदाचारिताका लागि सन् १९९३ मा विश्वस्तरमा आरूशा घोषणापत्र जारी गरिएको थियो, जुन घोषणापत्रलाई विश्व भन्सार संगठनले सन् २००३ मा संशोधन गऱ्यो । उक्त संशोधित घोषणापत्रलाई आधार मानी नेपालमा भन्सार प्रशासनमा कार्यरत कर्मचारीहरूका लागि सन् २००४ देखि अलग्गै आचारसंहिता लागू गरिएको छ । साथै भन्सारमा काम गर्ने कर्मचारीहरूलाई प्रोत्साहनस्वरूप कार्यसम्पादनका आधारमा २०० प्रतिशतसम्म अतिरिक्त भत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ । त्यस्तै, बदलिँदो परिवेशअनुरूप भन्सार मूल्याङ्कनको कार्यलाई प्रभावकारी बनाउन मूल्याङ्कन कार्यमा संलग्न अधिकृतहरूको क्षमता अभिवृद्धि गर्दै लैजानु पर्ने आवश्यकतालाई ध्यानमा राख्दै उच्च तहका भन्सार अधिकृतहरूलाई मूल्याङ्कनसम्बन्धी तालिम लिन विदेश पठाउने, विदेशी विज्ञहरूद्वारा नेपालमा तालिमहरू संचालन गर्ने तथा काठमाडौं बाहिरका विभिन्न शहरहरूमा समेत भन्सार कर्मचारीहरूलाई भन्सार मूल्याङ्कनसम्बन्धी तालिम प्रदान गर्ने कार्य हुँदै आएको छ ।

विद्यमान भन्सार मूल्याङ्कन पद्धतिलाई निजी क्षेत्रले समेत राम्ररी बुझ्न सकेमा भन्सार मूल्याङ्कन कार्यान्वयन प्रक्रिया अझ सहज हुन जान्छ । त्यसैले निजी क्षेत्रलाई यस बारेमा सुसूचित गराउने उद्देश्यले भन्सार विभागले Integrated Tariff Rate, HS Code Version 2012, Alphabetical Index on Customs Valuation/Brochure on Frequently Asked Questions, आदि तयार गर्ने प्रक्रिया अघि बढाएको छ ।

### नेपालमा भन्सार मूल्याङ्कनसँग सम्बन्धित विद्यमान् समस्याहरू

नेपालको पूर्व, पश्चिम र दक्षिणमा भारतसँग खुला सिमाना रहेको छ र दुई देशबीच तिनका नागरिकहरूको आवत-जावतमा कुनै रोकटोक छैन । सिमाना नजिकका भारतीय बजारहरूमा विभिन्न वस्तुहरू नेपाली बजारमा भन्दा तुलनात्मक रूपले सस्तो पर्ने हुँदा धेरै नेपाली उपभोक्ताहरू भारतीय बजारमा वस्तु खरिद गरेर खुला सिमानाको फाइदा उठाउँदै भन्सार महसुल नबुझाइ ती वस्तु नेपाल ल्याउने गर्दछन् । त्यसैले नेपाली उपभोक्ताहरूलाई नेपालकै बजारमा सस्तो सामान उपलब्ध गराएर नेपाली बजारको व्यापार बढाउन आयातकर्ताहरू भन्सार छली गरेर भारतबाट अनौपचारिक तरिकाले वस्तु आयात गर्ने गर्दछन् । औपचारिक रूपमा वस्तु आयात गर्ने आयातकर्ताले पनि कतिपय अवस्थामा न्यून बीजकीकरण गर्नेजस्ता कार्य गर्दछन् । यस्ता कार्य गर्न कतिपय आयातकर्ताहरूबीच त प्रतिस्पर्धा नै चल्दछ जसले गर्दा चोरी पैठारी बढेको छ र देशले प्राप्त गर्ने राजस्व गुमिरहेको छ ।

नेपालको अर्को छिमेकी देश चीनसँगको व्यापारका सम्बन्धमा भने नेपाल र चीनबीच हुने अधिकांश व्यापार तिब्बतको खासामार्फत् हुने गरेको छ । चीनसँग नेपालको सिमाना जोडिए पनि ठुला-ठुला हिमाल र पहाडले गर्दा यी दुई देशबीच अनौपचारिक व्यापार सहज छैन । तर खासामार्फत् हुने कारोबारको ठूलो हिस्सा बैंकमार्फत् हुँदैन जसले गर्दा यथार्थमा कति परिमाणको व्यापार भएको हो भन्न सक्ने अवस्था छैन । साथै आयातकर्ताले खासाका बिक्रेताले दिएको हस्तलिखित बिल नै भन्सार कार्यालयमा पेश गर्ने हुँदा त्यस्ता बिललाई आधार मानी कारोबार मूल्य यकिन गर्न कठिन हुने गरेको छ ।

भन्सार छलीबाट हुने चुहावटलाई निरूत्साहित गर्न वर्तमान भन्सार ऐनको दफा ३४ मा वस्तुको जाँचपास गरिसकेपछि पनि पुनः परीक्षण (post clearance audit) गर्न सकिने प्रबन्ध गरिएको छ । यो प्रावधानअनुसार भन्सार नाकाबाट जाँचपास भइसकेको वस्तुको कारोबारका कागजात ४ वर्षभित्र कुनैपनि समयमा पुनः परीक्षण गर्न सकिन्छ । आयातकर्ताहरू यस प्रावधानलाई अपारदर्शी र अनावश्यक ठान्दछन् । यस्तो परीक्षणमा एकरूपता र स्तरीयता कायम गर्न भनेर भन्सार विभागले एउटा निर्देशिका तयार गरेको छ । तर सो निर्देशिका परीक्षणको विस्तृत प्रक्रियाको बारेमा स्पष्ट छैन । साथै पुनः परीक्षण गर्ने कार्यालयको स्थापना गरिए पनि यसको लागि आवश्यक विश्लेषक तथा विशेषज्ञहरू पर्याप्त छैनन् ।

त्यस्तै, भन्सारसँग सम्बन्धित तथ्याङ्क राख्न प्रयोग गरिने संसारमा प्रचलित आधुनिक सफ्टवेयर (Automated System for Customs Data—ASYCUDA) नेपालमा सन् १९९६ देखि प्रयोगमा ल्याइएको छ । यो सफ्टवेयर प्रयोग गर्नुको मुख्य उद्देश्य भन्सार नाकामा वस्तु आयात/निर्यातको जाँचपासलाई छिटो बनाउनु, भन्सार विभाग र कार्यालयका काम कारवाहीलाई अन्तर्राष्ट्रिय अभ्यास अनुरूपको बनाउनु र सम्बन्धित तथ्याङ्कलाई यथाशीघ्र प्रशोधन र प्रकाशन गर्नु हो । हालका वर्षहरूमा देशका विभिन्न ठाउँहरूमा रहेका भन्सार कार्यालयहरूलाई आधुनिक सूचना प्रविधिको एउटा किसिम (Wide Area Network—WAN) को माध्यमबाट एकअर्कासँग जोड्दै लगिएको छ । यसरी भन्सार आधुनिकीकरणका लागि गरिएका विभिन्न प्रयासका कारण तथ्याङ्क संकलन र विश्लेषण गर्ने कार्य तुलनात्मक रूपमा सजिलो भएको छ । तर अपर्याप्त भौतिक पूर्वाधारका कारण ASYCUDA अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको छैन । साथै मानव संसाधनको दक्षतामा पनि कमी रहेको छ ।

नेपालमा भन्सार मूल्याङ्कनका सम्बन्धमा रहेको अर्को समस्या भनेको धेरैजसो आयातकर्ताले प्रतीतपत्र र बीजकमा आयात गरिने वस्तुको आवश्यक सम्पूर्ण विवरण नखुलाउनु हो । नेपालको आर्थिक ऐनमा भएको व्यवस्था अनुसार वस्तु आयातका लागि प्रतीतपत्र खोल्दा उक्त वस्तुको किटानी विवरण, वस्तु वर्गीकरणको शीर्षक र उप-शीर्षक, प्रति-एकाइ मूल्य र आयात गरिने परिमाण तथा सम्भव भएसम्म वस्तुको मोडल नम्बर समेत खुलाउनु पर्दछ । तर व्यवहारमा त्यसो हुन सकेको छैन जसका कारण कतिपय अवस्थामा भन्सार मूल्याङ्कन

यथार्थपरक हुन सकेको छैन । साथै, सरकारले भन्सार कार्यालयहरूलाई राजस्वको लक्ष्य तोकिदिने गरेकोले भन्सार कार्यालयहरू आयात/निर्यात विधिसम्मत भए/नभएको, छली भए/नभएको भन्दा पनि राजस्व संकलन लक्ष्यअनुसार भए/नभएकोमा बढी केन्द्रित हुने गरेका छन् ।

त्यसैगरी, भन्सार मूल्याङ्कनका सन्दर्भमा रहेको अर्को समस्या पुनरावलोकनसँग सम्बन्धित छ । भन्सार ऐनमा गरिएको व्यवस्था अनुसार भन्सार अधिकृतले गरेको मूल्याङ्कनसम्बन्धी निर्णय आयातकर्तालाई चित्त नबुझेमा उसले सो निर्णयलाई सबभन्दा पहिला पुनरावलोकन समितिबाट पुनरावलोकन गराउन सक्दछ । तर पुनरावलोकन समितिको गठन तथा काम, कर्तव्य र अधिकारलाई हेर्दा सो समितिले निष्पक्ष र वस्तुनिष्ठ किसिमले काम गर्दछ भन्नेमा शंका गर्नसक्ने आधारहरू छन् । जस्तै, समितिको अध्यक्षमा अर्थ मन्त्रालय, राजस्व महाशाखाका प्रमुख (सह–सचिव) रहन्छन् भने दुई जना सदस्यहरूमध्ये एकजना नेपाल सरकारका बहालवाला र अर्को एकजना निवृत्त उप–सचिवहरू रहन्छन् । समितिमा निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय व्यापारका विज्ञजस्ताको प्रतिनिधित्व छैन । त्यसले गर्दा समितिले गर्ने निर्णयमा अध्यक्षको प्रभाव बढी पर्ने र निर्णय निस्पक्ष हुन नसक्ने अवस्था छ । पुनरावलोकन समितिले गरेका निर्णय त्यसभन्दा माथिल्लो निकाय राजस्व न्यायधिकरणले कहिलेकाहीं बदर गरिदिनु (कोष्ठक ३) ले पनि समितिको पुनर्गठन गर्नुपर्ने आवश्यकता रहेको देखाउँछ ।

**कोष्ठक ३ पुनरावलोकन समितिका निर्णय राजस्व न्यायधिकरणद्वारा बदर गरिएका उदाहरण**

वीरगन्ज र सुख्खा बन्दरगाह भन्सारले वि.सं. २०६६ मा तेस्रो मुलुकबाट आयातित गाडीमा गरेको मूल्याङ्कनलाई राजस्व न्यायधिकरणले वि.सं. २०६८ मा उल्टाइदियो । आयातकर्ताले ९ हजार १ सय ३६ अमेरिकी डलर मूल्याङ्कन गरेर हुन्डाईको टुसान जिप आयात गरिरहेका थिए । तर भन्सारले सो जिपको मूल्याङ्कन १८ हजार २ सय ५१ डलर कायम गरिदियो । त्यसपछि सो मुद्दा पुनरावलोकन समितिमा र त्यसपछि राजस्व न्यायधिकरणमा पुग्यो । पुनरावलोकन समितिले भन्सार ऐनले निर्दिष्ट गरेको भन्सार मूल्याङ्कनका प्रथम पाँच विधि प्रयोग गर्न नसक्नुको कारण भन्सार कार्यालयले स्पष्ट पारेर मुनासिब आधारको विधिबाट भन्सार मूल्याङ्कन गरेकोले भन्सार कार्यालयले गरेको कामलाई ठीक ठहऱ्याएको थियो । तर न्यायधिकरणले भने भन्सार ऐनले निर्दिष्ट गरेको प्रथम पाँच विधि प्रयोग नगरी अन्तिम विधि प्रयोग गरेको भन्दै आयातकर्ताको पक्षमा निर्णय गरिदियो ।

त्यसैगरी वीरगन्ज भन्सारले नै सुजुकी भिटारा जिपमा गरेको मूल्याङ्कन वृद्धिलाई पनि न्यायधिकरणले अमान्य घोषित गरी पुरानै मूल्य कायम गरिदिएको थियो । उक्त जिपको मूल्याङ्कन वीरगन्ज भन्सारले १३ लाख ५२ हजार जापानी येनबाट बढाएर १७ लाख १४ हजार येन कायम गरिदिएको थियो । त्यस्तै, १७ हजार अमेरिकी डलरमा आयात भइरहेको ल्यान्डरोभरको फ्रिल्याण्डर जिपको मूल्य सुख्खा बन्दरगाह भन्सारले २७ हजार १ सय ४५ अमेरिकी डलर कायम गरेको थियो जसलाई न्यायधिकरणले उल्टाइदिएर पुरानै मूल्य कायम गर्न निर्देश गरेको थियो ।

*स्रोतः महत, सुजित. २०६८. 'राजस्व छलीका मुद्दामा भटाभट जित्दै करदाता', कान्तिपुर राष्ट्रिय दैनिक, २०६८/११/१९.*

## निष्कर्ष र सुझाव

अन्तर्राष्ट्रिय व्यापारलाई सहजीकरण गर्न भन्सार कार्यालयका काम कारवाही सरल, सुलभ, छिटो छरितो र पारदर्शी हुनु आवश्यक छ । नेपालमा भन्सार कार्यालयका काम कारवाहीमा पछिल्ला वर्षहरूमा धेरै सुधार आएको छ । खासगरी *डब्ल्युटिओ भ्याल्युएसन एग्रिमेण्ट*मा आधारित भएर भन्सार ऐन २०६४ लागू गरेदेखि भन्सार मूल्याङ्कनको कार्य धेरै नै सरल, पारदर्शी र व्यवस्थित हुन पुगेको छ । तर भन्सार मूल्याङ्कनका सम्बन्धमा अन्य धेरै समस्याहरू अझै पनि विद्यमान् छन् । तिनको समाधान गर्दै भन्सार मूल्याङ्कनको कार्यलाई क्रमिक रूपमा सुधार गर्दै लैजान निम्न कार्यहरू गर्नु आवश्यक छ ।

*संस्थागत सुधार*

- भन्सार ऐनले निर्देश गरेका भन्सार मूल्याङ्कनका ६ वटा विधिहरूमध्ये चौथो र पाँचौ विधि अझै पनि लागू हुन सकेका छैनन् । त्यसैले तिनको कार्यान्वयनका लागि आवश्यक भौतिक पूर्वाधार र ज्ञान–सीप भएका दक्ष जनशक्तिको विकास गर्दै जानु पर्दछ । भन्सार प्रशासनको सुधार र आधुनिकीकरणका लागि गर्नुपर्ने यस्ता कार्यको लागि चाहिने खर्चको लागि विदेशी सहायतामाथि मात्र भरपर्नु उचित होइन । यस्ता कार्यको लागि नेपाल सरकारले आफ्नै स्रोतबाट पनि बजेट विनियोजन गर्नु पर्दछ ।
- भन्सार मूल्याङ्कनलाई पूर्णरूपमा कारोबार मूल्यमा आधारित बनाउँदै लैजानु पर्दछ । तर कारोबार मूल्यलाई आधार बनाउँदा व्यावहारिक रूपमा धेरै कठिनाई आउन सक्दछन् र धेरै भन्सार छली हुने सम्भावना पनि रहन्छ । त्यसैले त्यस्ता समस्या समाधान गर्न क्रमिक रूपमा निम्न उपायहरू अवलम्बन गर्दै जानु पर्दछः विभिन्न वस्तुहरूको अन्तर्राष्ट्रिय बजार मूल्यको रोष्टर तयार गर्ने र त्यसलाई नियमित रुपमा अध्यावधिक गर्दै लैजाने, विभिन्न देशहरूसँग भन्सार सहयोगसम्बन्धी सम्झौता गरी मूल्यसूची आदान प्रदान गर्ने, र भन्सार कार्यालयका सूचनालाई अझ छिटो प्रशोधन गर्ने र तिनलाई विश्वसनीय बनाउने ।
- भन्सार अधिकारीहरू, आयातकर्ता र भन्सार एजेण्टबीच मूल्याङ्कनका विषयमा नियमित रूपमा छलफल गर्ने, आपसी अविश्वास र समस्याहरूबारे अन्तर्क्रिया गर्नेजस्ता कार्यहरू गर्नु पर्दछ जसले गर्दा आपसी सहयोग र समझदारी बढ्दै जान सक्दछ ।
- भन्सार महसुल निर्धारणको पुनरावलोकनका लागि भन्सार ऐनले व्यवस्था गरेको समितिको गठनसम्बन्धी प्रावधानलाई संशोधन गर्नुपर्दछ । उक्त समितिमा निजी क्षेत्रका प्रतिनिधि र स्वतन्त्ररूपमा कार्य गर्ने अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी विज्ञलाई समावेश गर्नु पर्दछ ।
- इमान्दार व्यापारीले प्रोत्साहित हुने र सम्मानित महसुस गर्ने वातावरणको सिर्जना गर्नु पर्दछ । भन्सार प्रशासनलाई राजस्वमुखीभन्दा पनि व्यापारलाई प्रवर्द्धन गर्ने किसिमको र सबै कारोबारलाई कानूनी दायरामा ल्याउनसक्ने बनाउनु पर्दछ ।

*जनशक्तिसम्बन्धी सुधार*

- भन्सार कार्यालयमा आवश्यक पर्ने जनशक्तिको संख्या बढाउनुका साथै तिनको क्षमता अभिवृद्धि गर्दै लैजानु पर्दछ । त्यसका लागि भन्सार कार्यालय र जाँचपाससँग सम्बन्धित कार्यविधि, नयाँ

किसिमका प्रविधिको उपयोग, वस्तु वर्गीकरणमा भएको विकास, आयात/निर्यातको तथ्याङ्क विश्लेषण, भन्सार मूल्याङ्कनका विभिन्न पक्ष, आदि विषयमा सम्बन्धित कर्मचारीहरूलाई निरन्तर रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका तालिम तथा पुनर्ताजगी तालिम उपलब्ध गराउनु पर्दछ ।

*प्रशासनिक सुधार*

- भन्सार जाँचपास पछिको पुनः परीक्षण (post clearance audit) लाई सरल, एकसमान, पारदर्शी र विश्वसनीय बनाउनु पर्दछ । यसका लागि हाल विद्यमान् निर्देशिकालाई पूर्णता दिनुका साथै तिनमा उल्लेखित प्रावधानहरूलाई प्रष्ट पार्नु पर्दछ । यस्तो पुनः परीक्षण गर्नसक्ने दक्ष र पर्याप्त विश्लेषकहरूको परिपूर्ति पनि गर्नु पर्दछ ।

- आयातकर्ताले पेश गर्ने हस्तलिखित र अपत्यारिला किसिमका बिललाई मान्यता दिनु हुँदैन । भन्सार ऐन २०६४ ले निर्दिष्ट गरेका विधिहरू अवलम्बन गरेर नै भन्सार मूल्याङ्कन गर्नु पर्दछ । ■

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय. २०६४. आर्थिक ऐन २०६४. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय. २०६५. आर्थिक ऐन २०६५. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय. २०६६. आर्थिक ऐन २०६६. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय ।

अर्थ मन्त्रालय. २०६७. आर्थिक ऐन २०६७. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय ।

भन्सार विभाग. २०५७. भन्सार निर्देशिका. काठमाण्डौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

भन्सार विभाग. २०६५. भन्सार स्मारिका, ५७औं अन्तर्राष्ट्रिय दिवस. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

भन्सार विभाग. २०६७. आ.व. २०६६/०६७ को वार्षिक प्रगति विवरण. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

भन्सार विभाग. २०६७. भन्सारसँग सम्बन्धित ऐन, नियम र नीतिहरूको संगालो. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

भन्सार विभाग. २०६७. भन्सार स्मारिका, ५९औं अन्तर्राष्ट्रिय दिवस. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

भन्सार जाँचपास परीक्षण कार्यालय. २०६८. आ.व. २०६७/०६८ को वार्षिक प्रगति विवरण. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, भन्सार जाँचपास परीक्षण कार्यालय ।

भन्सार विभाग. २०६८. भन्सार स्मारिका, ६०औं अन्तर्राष्ट्रिय दिवस. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।

राजस्व प्रशासन तालिम केन्द्र. राजस्व त्रैमासिकका विभिन्न अंकहरू. काठमाडौं: नेपाल सरकार, अर्थ मन्त्रालय, राजस्व प्रशासन तालिम केन्द्र ।

## थप जानकारी र प्रतिक्रियाका लागि

सावती (South Asia Watch on Trade, Economics and .nvironment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, बालुवाटार, काठमाडौं, नेपाल
फोन: ४४२४३६०, ४४४४४३८, फ्याक्स: ४४४४५७०
ईमेल: sawtee@sawtee.org, वेब: www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । सन् १९९९ मा गैरसरकारी संस्थाका रूपमा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा पनि विभिन्न परियोजना र कार्यक्रमहरू संचालन गर्दै आएको छ ।

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) GmbH
Supporting the Implementation of Nepal's WTO Commitments and the Enhanced Integrated Framework (WTO/EIF–SP) Project
नारायणी कम्प्लेक्स, चौथो तल्ला, पो.ब.नं. १४५७
पुल्चोक, ललितपुर, फोन: ५५५५२८९, फ्याक्स: ५५२१७१२
ईमेल: giz-nepal@giz.de, वेब: www.giz.de/nepal

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) जर्मन संघीय मन्त्रालयको आर्थिक समन्वय र विकासका लागि काम गरिरहेको संघीय निकाय हो । यस संस्थाले जर्मन सरकारलाई दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा आफ्नो लक्ष्य प्राप्त गर्न सहयोग गर्दछ । GIZ द्वारा संचालित WTO/EIF–SP परियोजनाको मुख्य उद्देश्य नेपाललाई विश्व व्यापार संगठनको सदस्यता तथा व्यापारका लागि सुदृढ एकीकृत संरचना (Enhanced Integrated Framework–EIF) बाट लाभ प्राप्त गर्न सहयोग पुर्‍याउनु हो । यसका लागि GIZ ले वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्य साझेदार संस्थाहरूसँग मिलेर काम गरिरहेको छ ।

यो नीतिसार जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) को Supporting the Implementation of Nepal's WTO Commitments and the Enhanced Integrated Framework (WTO/EIF–SP) परियोजनाअन्तर्गत सावतीद्वारा संचालित कार्यक्रमको लागि तयार पारिएको हो । लेखकद्वय माधव प्रसाद घिमिरे र डिल्ली प्रकाश घिमिरे क्रमशः भन्सार विभागका पूर्व महानिर्देशक र पूर्व उप-महानिर्देशक हुनुहुन्छ । यसमा प्रकाशित विचार तथा मान्यता लेखकहरूकै हुन्, सावती र GIZ का नहुन पनि सक्छन् ।
कपिराइट: सावती र GIZ, २०६९, सज्जा: विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रक: सिटी अफसेट प्रेस, ललितपुर, फोन: ५५४०५३२ ।